# उर्लाबारी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

उर्लाबारी, मोरङ १ नं प्रदेश, नेपाल

## सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धि सूचना

**प्रथम पटक प्रकासित मिति: २०७४/१०/०४**

यस नगरपालिका कार्यालयको रिक्त रहेको देहाय बमोजिमको पदमा मिति २०७५ आषाढ मसान्तसम्म करार सेवामा नियुक्ति गर्नु पर्ने भएकोले देहाय बमोजिमको योग्यता पुगेको नेपाली नागरीकहरुबाट उर्लाबारी नगरपालिकाद्वारा स्वीकृत दरखास्त फारम भरी यो सूचना प्रकासित भएको मितिले १५ (पन्ध्र) दिन भित्र रितपूर्वकको दरखास्त फारम पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

| क्र. सं. | विज्ञापन नं. | पद/श्रेणी | सेवा/समूह | कार्यक्षेत्र | पद संख्या | न्यूनतम शैक्षिक योग्यता | दरखास्त शुल्क रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १. | २/२०७४/७५ | सूचना प्रविधि अधिकृत/ अधिकृतस्तर छैटौ | विविध | उर्लाबारी नगर कार्यपालिकाको कार्यालयमा रही । | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट Computer वा Information and Communication Technologies वा सो सरह विषयहरु मध्ये कुनै एक विषय लिई स्नातक वा BIT वा BIM वा BBIS वा BCA वा BCIS वा BEIT वा Bsc. IT वा Bsc. CSIT उर्तीण भएको । | १०००/- | |
| २. | ३/२०७४/७५ | अमिन/सहायक चौथो | इन्जिनियरिङ्ग/सर्भे | उर्लाबारी नगर कार्यपालिकाको कार्यालयमा रही । | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट गणित विषय लिई एस.एल.सि. वा सो सरह उर्तीण गरी सर्भे वा जियोमेट्रिक्स विषयमा कम्तिमा १ वर्षको तालिम प्राप्त गरेको । | ४००/- | |
| ३. | ४/२०७४/७५ | कार्यालय सहयोगी | प्रशासन | उर्लाबारी नगर कार्यपालिकाको कार्यालयमा वा वडा कार्यालयमा रही | ६ | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सि. उर्तिण गरेको वा एस. ई. ई. परीक्षामा कम्तीमा 1.5 GPA प्राप्त गरेको हुनु पर्नेछ । | ३००/- | |
| ४. | ५/२०७४/७५ | कार्यालय सहयोगी | प्रशासन | मंगलबारे अस्पताल, उर्लाबारीमा रही । | २ | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सि. उर्तिण गरेको वा एस. ई. ई. परीक्षामा कम्तीमा 1.5 GPA प्राप्त गरेको हुनु पर्नेछ | ३००/- | |

**दरखास्त दस्तुर बुझाउने स्थान :-** उर्लाबारी नगर कार्यपालिकाको कार्यालय, उर्लाबारी, मोरङमा बुझाउन सकिनेछ । र सो को सक्कल रसिद दरखास्त फारम साथ बुझाउनु पर्नेछ ।

**परीक्षाको किसिम :-** प्राप्त दरखास्त मध्येबाट शैक्षिक योग्यता, कार्यअनुभवको आधारमा मूल्यांकन र अर्न्तवार्ताको माध्यमद्वारा छनौट गरिनेछ ।

**दरखास्त दिने मिति :-** मिति २०७४/१०/१८ गते कार्यालय समय भित्र । उक्त दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट वा सो पछि कार्यालय खुलेको पहिलो दिन कार्यालय समय भित्र ।

**सम्पर्क मिति :-** दरखास्त दिने अन्तिम मितिको भोलिपल्ट वा उक्त दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट वा सो पछि कार्यालय खुलेको पहिलो दिन कार्यालय समय भित्र ।

**तलब सुविधा :-** विज्ञापन नं. २/०७४/०७५ को हकमा मासिक रु. ४०,०००/- हुनेछ । वि.नं. ३, ४ र ५ को हकमा नेपाल सरकारको प्रचलितस्केल बमोजिम हुनेछ ।

**उमेरको हद :-** दरखास्त दिने अन्तिम मितिसम्ममा सहायकस्तर र सहयोगीस्तरको हकमा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको र अधिकृतस्तरको हकमा २१ वर्ष उमेर पुरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा ४० वर्ष ननाघेको हुनुपर्नेछ ।

**दरखास्त फारम साथ पेश गर्नु पर्ने कागजातहरु :-** नेपाली नागरीकता प्रमाण-पत्र, शैक्षिक योग्यताको प्रमाणपत्र र चारित्रीक प्रमाण पत्र, अनुभवको प्रमाण पत्र । पेश गरिएका सबै प्रतिलिपिहरुको पछाडि उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्नु पर्नेछ । विदेशी बोर्डबाट उर्तिण भई शैक्षिक योग्यता प्राप्त गरेको उम्मेदवारले समकक्षता निर्धारण गरेको प्रमाणपत्र पेश गर्नु पर्नेछ ।

**सम्झौता र कार्य शुरु गर्नु पर्ने मिति :-** छनौट भएको उम्मेदवार र उर्लाबारी नगरपालिका बिच करार सेवा कार्य गर्न छनौट भएको मितिबाट ७ दिन भित्र संझौता गर्नु पर्नेछ र कार्य आरम्भ गर्नु पर्नेछ । यदी सो मिति भित्र संझौता गर्न नआएमा योग्यता क्रममा रहेका अन्य उम्मेदवारसंग संझौता गरिनेछ ।

- दरखास्त फारम र सूचना यस कार्यालयको बेभसाइट www.urlabarimun.gov.np बाट समेत प्राप्त गर्न र हेर्न सकिनेछ ।
- यस सम्बन्धमा थप जानकारीको लागि उर्लाबारी नगरकार्यपालिकाको कार्यालय मोरङमा तथा टेलिफोन नं. ०२१-५४०००० मा सम्पर्क राख्न सकिनेछ ।